श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको अध्यादेश नं. ६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

### स्थानीय पञ्चायतको सदस्य सहवरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : स्थानीय पञ्चायतमा सदस्य सहवरण गर्ने सम्बन्धमा तत्काल व्यवस्था गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ: (१) यस अध्यादेशको नाम "स्थानीय पञ्चायत (सदस्य सहवरण) अध्यादेश, २०३२" रहेको छ।

(२) यो अध्यादेशको विस्तार नेपाल अधिराज्यभर हुनेछ।

(३) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५५

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा–

(क) "सदस्य" भन्नाले स्थानीय पञ्चायतको निर्वाचित वा सहवृत्त सदस्य सम्झनु पर्छ र सो शव्दले गाउँ पञ्चायत र नगर पञ्चायतको हकमा प्रधानपञ्च र उपप्रधानपञ्च तथा जिल्ला पञ्चायतको हकमा सभापति र उपसभापति समेतलाई जनाउँछ ।

(ख) "मतदाता" भन्नाले प्रचलित नेपाल कानून बमोजिम गाउँ सभा वा नगर सभाको निर्वाचनमा मतदाता हुन योग्यता पुगेको व्यक्ति सम्झनु पर्छ ।

३. सहवरणद्वारा पद पूर्ति गर्ने : कुनै स्थानीय पञ्चायतको सदस्यको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणबाट रिक्त हुन आएमा सो रिक्त पदको पूर्ति सहवरणद्वारा गरिनेछ ।

तर यस दफा बमोजिम सहवरण हुँदा रिक्त पदको बाँकी अवधिको लागि मात्र हुनेछ ।

४. सहवरण गरिने व्यक्तिको योग्यता : कुनै पञ्चायतको रिक्त पदमा सहवरणद्वारा पूर्ति गर्दा सहवरण गरिने व्यक्ति प्रचलित कानूनद्वारा सो पदको निमित्त निर्धारित योग्यता पुगेको हुनु पर्नेछ ।

५. सहवरण गर्ने : (१) जिल्ला पञ्चायतको सभापति वा उपसभापति पदमा सहवरण गर्दा जिल्ला पञ्चायतका सदस्यहरूले आफूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(२) जिल्ला पञ्चायतको सदस्य पदमा सहवरण गर्दा जिल्ला पञ्चायतका बाँकी सदस्यहरूले पद रिक्त भएको सम्बन्धित इलाकाभित्रका जिल्ला सभाका सदस्यहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(३) नगर पञ्चायतबाट जिल्ला सभामा निर्वाचित वा सहवृत्त सदस्य पदमा सम्बन्धित नगर पञ्चायतबाट जिल्ला सभामा निर्वाचित वा सहवृत्त भएका बाँकी सदस्यहरूले नगर पञ्चायतका सदस्यहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(४) गाउँ पञ्चायत वा नगर पञ्चायतको प्रधानपञ्च वा उपप्रधानपञ्च पदमा गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्यहरूले आफूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(५) गाउँ पञ्चायत वा नगर पञ्चायतको सदस्य पदमा गाउँ पञ्चायत वा नगर पञ्चायतका बाँकी सदस्यहरूले गाउँ सभा वा नगर सभाका सम्बन्धित वडाका सदस्यहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

800

(६) गाउँ सभा वा नगर सभाको सदस्य पदमा गाउँ सभा वा नगर सभाका सम्बन्धित वडाका बाँकी सदस्यहरूले सोही वडाका मतदाताहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ।

६. सर्वसम्मति कायम नभएमा : (१) दफा ५ बमोजिम सहवरण गर्दा सर्वसम्मति कायम हुन नसकेमा देहायका पञ्चायतको रिक्त पदमा देहायका गाउँफर्क राष्ट्रिय अभियान समितिले तोकेको व्यक्ति सहवरण हुनेछः–

(क) जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्य तथा जिल्ला सभाको सदस्य पदमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले, र

(ख) गाउँ पञ्चायत वा नगर पञ्चायतको प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्य तथा गाउँ सभा वा नगर सभाको सदस्य पदमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति वा सो नभए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले।

(२) उपदफा (१) बमोजिम गाउँफर्क राष्ट्रिय अभियान समितिले दफा ५ मा उल्लेख गरिएको रिक्त पदमा सहवरण हुने व्यक्ति तोक्दा सोही दफामा उल्लेख गरिएका व्यक्तिहरूमध्येबाट मात्र तोक्न सक्नेछ।

७. निर्वाचित सदस्यको व्यवस्था लागू हुने : प्रचलित नेपाल कानूनमा स्थानीय पञ्चायतका निर्वाचित सदस्यको सम्बन्धमा भएको व्यवस्था सहवृत्त सदस्यलाई पनि लागू हुनेछ।

लालमोहर सदर मितिः– २०३२।८।२६।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०१